"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम

Green Ilam

पत्र संख्याः- पूर्वाधार विकाश शाखा २०७६/०७७ | १ नं. प्रदेश, नेपाल
चलानी नम्वर:- २५३३ | मितिः- २०७६/१०/०६

**विषय :- बोलपत्र रद्ध गरीएको जानकारी सम्बन्धमा ।**

**श्री चमैता निर्माण सेवा,**
इलाम न.पा. ०७, इलाम ।
(प्रो. विरेन्द्र कुमार गुरुङ्ग)

इलाम नगरपालिकाबाट मिति २०७६/०७/२२ मा बोलपत्र आव्हानको लागी प्रकाशित सुचना अनुसार **ठेक्का नं. ३ विद्यालय भौतिक पूर्वाधार निर्माण** (भवन निर्माण, वडा नं. १ जनता आ. वि., वडा नं. २ सुम्वेक मा. वि., वडा नं. ३ विणापानी मा.वि. र वडा नं. ९ भगवति मा.वि.) र ठेक्का नं. ४ लाभरको बोट बाट भगवति मा. वि. सडक स्तरोन्नती कार्य र **ठेक्का नं. ४ लाभरको बोट बाट भगवति मा. वि. सडक स्तरोन्नती कार्य**को लागी तपाईले पेश गर्नु भएको बोलपत्र स्वीकृत भई आषयपत्र जारी गरीएको थियो । आषयपत्र जारी गरेको सात दिन भित्र कसैको दावी विरोध नआएकोले मिति २०७६/०९/१५ (च.नं. १९८३) मा तपाई बोलपत्रदातालाई तपाईको स्वीकृत बोलपत्र अनुसार ठेक्का सम्झौता गर्न १५ दिनको अवधि दिएर सम्झौता गर्न आउन पत्राचार गरीएकोमा निर्धारीत समय मिति २०७६/१०/०१ सम्म तपाई बोलपत्रदाता सम्झौताको लागी यस कार्यालयमा सम्पर्क राख्न नआउनुभएकोले बोलपत्र कागजात तथा सार्वजनीक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा २७(५) अनुसार तपाई बोलपत्रदाता को बोलपत्र जमानत जफत गरी तपाई भन्दा लगत्तै पछिको अर्को न्यूनतम मुल्याङ्कीत सारभुतरुपमा प्रभावग्राहि बोलपत्रदाताको बोलपत्र स्वीकृत गरी खरीद सम्झौता गर्नु पर्ने तथा सार्वजनीक खरीद ऐन २०६३ (संसोधन सहित) को दफा ६३(१) ख अनुसार ऐ. ऐनको दफा २७ बमोजिम स्वीकृतिकोलागी छनौट भएको बोलपत्रदाता खरीद सम्झौता गर्न नआएमा नीजको कार्यको गाम्भिर्यताको आधारमा सार्वजनीक खरीद अनुगमन कार्यालयले एक देखि तीन बर्ष सम्म कालोसुचिमा राख्न सक्ने व्यवस्था अनुसार यस कार्यालयको मिति २०७६/१०/०६ को निर्णयानुसार तपाईको ठेक्का रद्ध गरी, उल्लेखित ठेक्काहरुकोलागी तपाईको फर्मबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत बापतको रकम जफत गरी उल्लेखित बैक लाई यस कार्यालयको संचित कोष खातामा जम्मा गर्न लगाउने, तपाई बोलपत्रदाता भन्दा दोश्रो घटी कबोल गर्ने बोलपत्रदातालाई सम्झौता गराई निर्माण प्रकृया अगाडी बढाउने र तपाईको फर्म लाई एक देखि तीन बर्ष सम्म कालोसुचिमा राख्न सार्वजनीक खरीद अनुगमन कार्यालयलाई लेखि पठाउने निर्णय भएकोले जानकारीको लागी अनुरोध छ ।

.................................
प्रेम कुमार गौतम
नि. प्रमुख प्रशासकिय अधिकृत

☏ ०२७-५२००६० / ५२००६५ फ्याक्सः ०२७-५२००३१ दमकलः ०२७-५२००३०
URL: www.ilammun.gov.np Email: mun.ilam@gmail.com